राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ८ अंक १८ २०८३ साउन २१ गते विहिवार (6 Aust 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## सरकारविरुद्ध कांग्रेसका १५ आरोप

दैनिक समाचारदाता
काठमाडौं, २० साउन । कांग्रेसले सरकारविरुद्ध १५ बुँदे आरोप सार्वजनिक गर्दै सुशासन, पारदर्शिता र जवाफदेहितामा सरकार पूर्ण रूपमा असफल भएको निष्कर्ष निकालेको छ।

२० साउन, काठमाडौं । प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले सरकारविरुद्ध १५ बुँदे आरोप सार्वजनिक गर्दै सुशासन, पारदर्शिता र जवाफदेहितामा सरकार पूर्ण रूपमा असफल भएको निष्कर्ष निकालेको छ।

कांग्रेसले सुनसरीको देवानगञ्ज(कप्तानगञ्ज घटनादेखि राहदानी खरिद प्रकरण, गृहमन्त्री विवाद, भ्रष्टाचार, कूटनीति, सुकुम्बासी, किसान, शिक्षा, निजी क्षेत्र र महँगीसम्मका विषय उठाउँदै सरकारको कार्यशैलीमाथि प्रश्न उठाएको छ।

पार्टी प्रवक्ता देवराज चालिसेले बुधबार केन्द्रीय कार्यालयमा आयोजित पत्रकार सम्मेलनमार्फत १५ बुँदे आरोप सार्वजनिक गर्दै सरकारप्रति जनविश्वास निरन्तर खस्किएको बताए।

'सबै तथ्यहरूले एउटै सत्य देखाउँछन( सरकार सुशासन, पारदर्शिता र जवाफदेहितामा पूर्ण रूपमा असफल भएको छ,' उनले भने, 'सरकारका कमजोरीका




कारण जनविश्वास निरन्तर घट्दै गएको छ।'

कांग्रेसले राजनीतिक स्टन्टबाट होइन, पूर्ण पारदर्शिता र जवाफदेहितामार्फत जनविश्वास पुन:स्थापित गर्न सरकारलाई आग्रह गरेको छ। अन्यथा, इतिहासले समस्यालाई लम्ब्याएर राजनीतिक लाभ खोज्ने असफल सरकारका रूपमा वर्तमान सरकारलाई मूल्यांकन गर्ने चेतावनी पनि दिएको छ।

सुनसरीको देवानगञ्ज( कप्तानगञ्ज घटनामा सरकारले संयमता र जवाफदेहिता देखाउन नसकेको कांग्रेसको ठहर छ। घटनापछि नागरिकले राज्यको उपस्थिति सेवा र संरक्षणमा होइन, गोली, लाठी र दमनमा महसुस गर्नुपरेको भन्दै कांग्रेसले आलोचना गरेको छ।

कांग्रेसले घटनामा मृत्यु भएकाका परिवारलाई सुरक्षा, घाइतेको नि:शुल्क उपचार, आगजनी तथा तोडफोडबाट भएको क्षतिको उचित क्षतिपूर्ति उपलब्ध गराउन र घटनाको छानबिनका लागि स्वतन्त्र, निष्पक्ष तथा विश्वसनीय उच्चस्तरीय न्यायिक आयोग गठन गर्न माग गरेको छ।

भदौ २३(२४ का घटनाबारे सबै पक्षले स्वीकार गर्ने स्वतन्त्र आयोग गठन गर्न नसक्नु सरकारको नैतिक असफलता भएको कांग्रेसको दाबी छ। मानव अधिकार आयोगको प्रतिवेदनमा सरकारमै रहेका केही व्यक्तिको भूमिकाबारे थप अनुसन्धानको सिफारिस गरिएको उल्लेख गर्दै आरोपित व्यक्तिहरू सरकारमै रहँदा निष्पक्ष अनुसन्धान सम्भव नहुने जनाएको छ।

कांग्रेसले मानव अधिकार आयोगको प्रतिवेदन पूर्ण रूपमा कार्यान्वयन गरी पीडितलाई न्याय, दोषीलाई कारबाही र निर्दोषलाई सम्मान सुनिश्चित गर्न सरकारसँग माग गरेको छ।

अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतामाथि सरकारले सर्वसत्तावादी अभ्यास गरेको आरोप पनि कांग्रेसले लगाएको छ। सञ्चारकर्मी तथा सञ्चार संस्थालाई लक्षित गरी गृह मन्त्रालयकै संरक्षणमा निगरानी र त्रास सिर्जना गरिएको दाबी गर्दै यस्तो गतिविधि संविधानले

*बाँकी अन्तिम पृष्ठमा*

## धनुषामा बढ्दै सम्बन्धविच्छेदका मुद्दा



दैनिक समाचारदाता
जनकपुरधाम, २० साउन । धनुषा जिल्लामा पछिल्लो समय सम्बन्धविच्छेदका मुद्दा बढ्दै गएको पाइएको छ। जिल्ला अदालतको तथ्यांकले सामाजिक संरचना, बसाइँसराइ, आधुनिक जीवनशैली र आर्थिक अवस्थाजस्ता कारणले वैवाहिक सम्बन्ध टुट्ने घटना बढ्दै गएको देखाएको हो।

जिल्ला अदालतका सूचना अधिकारी हेमकुमार महतोका अनुसार आर्थिक वर्ष २०८२/८३ मा सम्बन्धविच्छेदसम्बन्धी ३३३ वटा नयाँ मुद्दा दर्ता भएका थिए। अघिल्लो आर्थिक वर्षबाट सरेर आएका १६७ मुद्दासहित अदालतमा कुल ५०० मुद्दा रहेका थिए। तीमध्ये २८१ मुद्दाको फैसला भइसकेको छ भने २१९ मुद्दा विचाराधीन छन्।

आर्थिक वर्ष २०८१/८२ मा सम्बन्धविच्छेदका ३१५ नयाँ मुद्दा दर्ता भएका थिए। त्यस वर्ष ३४७ मुद्दाको फैसला भएको थियो भने १६७ मुद्दा चालु आर्थिक वर्षमा सरेका थिए।

लगातार बढ्दो मुद्दा दर्ताले धनुषामा वैवाहिक सम्बन्धमा तनाव बढ्दै गएको संकेत गरेको सूचना अधिकारी महतोले बताए।

कानुन व्यवसायी राजकुमार महासेठका अनुसार शिक्षाको विस्तार, महिलाको आर्थिक तथा सामाजिक सशक्तीकरण, वैदेशिक रोजगारीका कारण पति-पत्नी लामो समय अलग बस्नुपर्ने अवस्था, सामाजिक सञ्जालको बढ्दो प्रयोग, पारिवारिक विवाद र घरेलु हिंसाजस्ता कारणले सम्बन्धविच्छेदका घटना बढिरहेका छन्।

उनका अनुसार गरिबी, बेरोजगारी, वैदेशिक रोजगारीले ल्याएको सामाजिक परिवर्तन, एक्लै बस्न रुचाउने जीवनशैली तथा व्यक्तिगत स्वतन्त्रताप्रतिको बढ्दो चेतनाले पनि दाम्पत्य सम्बन्धमा नयाँ चुनौती थपेको छ।

महिला वा पुरुष दुवैले आफूलाई अन्याय भएको महसुस गरे कानुनी बाटो रोज्ने प्रवृत्ति बढेको उनले बताए। उनका अनुसार सम्बन्धविच्छेदका बढ्दो घटनाले एकातिर व्यक्तिगत अधिकारप्रतिको जागरूकता बढेको देखाए पनि अर्कोतर्फ पारिवारिक सम्बन्धमा संवाद र सहिष्णुताको कमी हुँदै गएको संकेत गरेको छ।

कानुन व्यवसायी दीपककुमार विश्वकर्माले सम्बन्धविच्छेदका मुद्दा बढेसँगै पारिवारिक विवाद समाधानका लागि मध्यस्थताको आवश्यकता पनि बढेको बताए। उनका अनुसार समयमै परामर्श, मनोवैज्ञानिक सहयोग, वैवाहिक शिक्षा र पारिवारिक संवादलाई प्रोत्साहन गर्न सके सम्बन्धविच्छेदका घटनालाई केही हदसम्म न्यूनीकरण गर्न सकिन्छ।


## क्षतिपूर्ति र सुरक्षाको ग्यारेन्टी नभएसम्म पसल नखोल्ने व्यवसायीको अडान

दैनिक समाचारदाता
सिरहा, २० साउन । सिरहाको गोलबजारमा हिंसात्मक घटनाबाट प्रभावित व्यवसायीहरूले क्षतिपूर्ति र सुरक्षाको ग्यारेन्टी नभएसम्म पसल नखोल्ने अडान लिएका छन्।

साउन १४ गते भएको घटनामा पसल तथा व्यवसायमा क्षति बेहोरेका मुस्लिम समुदायका व्यवसायीहरूले सरकारले क्षतिपूर्ति उपलब्ध गराउनुका साथै सुरक्षित रूपमा व्यवसाय सञ्चालन गर्न सकिने वातावरण सुनिश्चित गर्नुपर्ने माग गरेका छन्।

उनीहरूले सरकारबाट स्पष्ट प्रतिबद्धता नआएसम्म पसल नखोल्ने बताएका छन्। आन्दोलनका क्रममा आफ्नो समुदायलाई लक्षित गर्दै पसल, घर तथा धार्मिकस्थलमा तोडफोड, आगजनी र लुटपाट भएको उनीहरूको दाबी छ।

घटना भएको एक साताभन्दा बढी बितिसक्दा पनि सरकार, स्थानीय तह, व्यापार संघ वा सम्बन्धित निकायबाट आफ्नो अवस्था बुझ्नसमेत कोही नआएको व्यवसायीहरूको




गुनासो छ।


स्थानीय व्यवसायी मोहम्मद फयास खानले छिमेकीका केही पसल खुले पनि आफूहरूलाई

*बाँकी ३ पृष्ठमा*

अब अनलाइनबाट बुकिङ्गको सुविधा
divyaclinicjanakpur.com



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्पिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दुखाई बिनाको सल्केरी




सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020



## सम्पादकीय

# ग्यास संकटमा दीर्घकालीन उपाय खोजौं

बजारमा एलपी ग्यासको अभाव देखिएको भन्ने गुनासो बढिरहेका बेला सरकारले सरोकारवालासँग छलफल गरेर आपूर्ति व्यवस्थालाई सहज बनाउने पहल गर्नु सकारात्मक कदम हो। विशेषगरी चाडपर्व नजिकिँदै गर्दा ग्यासजस्तो अत्यावश्यक वस्तुको आपूर्ति सुनिश्चित गर्नु सरकारको प्राथमिक जिम्मेवारी हो। त्यसका लागि सम्बन्धित मन्त्रालय, नेपाल आयल निगम, उद्योगी र वितरकबीच प्रभावकारी समन्वय अपरिहार्य हुन्छ।

छलफलमा व्यवसायीहरूले वास्तविक अभावभन्दा पनि उपभोक्ताको अत्यधिक भण्डारण प्रवृत्तिका कारण कृत्रिम अभाव देखिएको बताएका छन्। यदि यस्तो अवस्था हो भने सरकारले तथ्यमा आधारित स्पष्ट सूचना प्रवाह गरी उपभोक्तामा अनावश्यक त्रास फैलिन नदिनुपर्छ। अर्कोतर्फ, आपूर्ति पर्याप्त रहेको दाबीलाई व्यवहारमै पुष्टि हुने गरी वितरण प्रणालीलाई नियमित, पारदर्शी र प्रभावकारी बनाउनुपर्ने आवश्यकता पनि उत्तिकै छ।

सरकारले आगामी तीन महिनासम्म मासिक ५० हजार मेट्रिक टनभन्दा बढी एलपी ग्यास आयात गर्ने निर्णय गरेको छ। यो निर्णय कार्यान्वयनमा प्रभावकारी भए चाडपर्वका बेला हुन सक्ने आपूर्ति संकट कम गर्न सहयोग पुग्नेछ। तर दीर्घकालीन समाधानका लागि केवल आयात बढाउने मात्र होइन, वितरण व्यवस्थापन सुधार, कृत्रिम अभाव सिर्जना गर्ने प्रवृत्तिमाथि कडा निगरानी तथा उपभोक्तामा जिम्मेवार उपभोगको चेतना अभिवृद्धि गर्न पनि उत्तिकै ध्यान दिनुपर्छ।

ग्यास आपूर्ति व्यवस्थामा सरकार, व्यवसायी र उपभोक्ता सबैको साझा जिम्मेवारी छ। पारदर्शिता, विश्वास र प्रभावकारी समन्वय कायम गर्न सकिए बजारमा देखिने अनावश्यक अभाव र असहजता धेरै हदसम्म अन्त्य गर्न सकिनेछ।

# मधेशमा बढेको रैथाने सद्भाव जोगाउने चुनौती



सन्तोष मेहता

देवानगञ्जबाट फैलिएको तनावले मधेशको सामाजिक सम्बन्धमा गहिरो चोट पुऱ्याएको छ। तत्काल हिंसा रोक्नु मात्र पर्याप्त हुँदैन; निष्पक्ष छानबिन, पीडितलाई न्याय, जिम्मेवार प्रशासन र समुदाय बीचको निरन्तर संवादले मात्र दिगो शान्तिको आधार बनाउन सक्छ।

कुनै समाज एकै दिन साम्प्रदायिक बन्दैन। लामो समयदेखि जम्मा भएको अविश्वास, राजनीतिक ध्रुवीकरण, प्रशासनिक कमजोरी र अफवाहले सामान्य विवादलाई समेत हिंसामा बदल्न सक्छ।

सुनसरीको देवानगञ्जस्थित कप्तानगञ्जमा दुई समुदाय बीच भएको विवाद हिंसात्मक झडपमा परिणत भयो। स्थिति नियन्त्रणमा लिन सुरक्षाकर्मीले चलाएको गोलीबाट स्थानीय ओमप्रकाश मेहताको घटनास्थलमै मृत्यु भयो। गम्भीर घाइते जयप्रकाश मेहताको उपचारका क्रममा मृत्यु भयो। त्यसपछि तनाव मधेशका विभिन्न जिल्लासम्म फैलियो।

झडप, आगजनी, तोडफोड र आक्रमणका घटनाले भौतिक क्षति मात्र गरेनन्, पुस्तौंदेखि सँगै बसेका समुदाय बीच आशंका र भय पनि जन्माए। हिंसाको क्षति घाइतेको संख्या, जलेका घरपसल वा नष्ट भएको सम्पत्तिले मात्र मापन हुँदैन। यसले समाजमा छोड्ने अविश्वासको मनोविज्ञान अझ गम्भीर हुन्छ।

तनाव नियन्त्रणमा आए पनि यसलाई दिगो शान्ति मान्न मिल्दैन। निष्पक्ष छानबिन, पीडितलाई न्याय र समुदाय बीच विश्वास पुनर्निर्माण नभएसम्म हिंसाको तुष भित्रभित्रै बाँकी रहन सक्छ। घृणाको उत्तर अर्को घृणा हुन सक्दैन; त्यसको विकल्प न्याय, संवाद र रैथाने सद्भाव हो।

### *साझा माटोमा बनेको सहअस्तित्व*

मधेशको सामाजिक जीवन हिन्दु र मुस्लिम समुदाय बीचको अन्तरघुलनबाट बनेको छ। छठ घाट व्यवस्थापनमा मुस्लिम छिमेकीको सहभागिता, दशैं-तिहारमा साटिने शुभकामना, ईदको भोज तथा मोहर्रमको ताजिया र झरनी नाचमा देखिने साझा उपस्थिति कुनै कानूनले निर्माण गरेको सम्बन्ध होइन। यो दैनिक जीवनबाट विकसित भएको सामाजिक अभ्यास हो।

मधेशका हिन्दु, मुस्लिम, थारू, दलित र अन्य समुदायले भोगेको गरिबी, बेरोजगारी, राज्यबाट उपेक्षित भएको अनुभूति र आफ्ना सन्तानका लागि देखेको सपना धेरै हदसम्म साझा छ। विभिन्न राजनीतिक तथा सामाजिक आन्दोलनमा पनि यी समुदायले पहिचान, समानता र स्वाभिमानका मुद्दामा सहकार्य गरेका छन्।

राजा सलहेसका गहबर, मलङ्ग बाबाको मजार र मदार बाबाको मेला जस्ता सांस्कृतिक स्थलमा विभिन्न धर्मका मानिस पुग्छन्। महोत्तरीको पडौलस्थित कारिक बाबा र सूफी सन्त मेइरा बाबासँग जोडिएका लोककथा पनि यही सांस्कृतिक अन्तरघुलनका उदाहरण हुन्।

मधेशका केही ग्रामीण समुदायमा पाइने 'गोसाईं-पिर' परम्पराले यो सम्बन्धलाई अझ स्पष्ट पार्छ। कतिपय हिन्दु तथा थारू परिवारले बाला पिर, गाजी मियाँ, चौहरमल र पाँच पिरलाई आफ्ना परम्परागत आस्थासँगै सम्झन्छन्। पूजा वा भोगका लागि स्थानीय मुस्लिम फकिरलाई बोलाउने अभ्यास समेत केही स्थानमा कायम छ।

सोहर, समदाउन, कजरी, चैता र फगुवा जस्ता लोकगीतमा हिन्दु र मुस्लिम आस्थाका प्रतीक सँगै आउँछन्। अल्हा-ऊदल जस्ता लोकगाथामा फरक समुदायका पात्र साझा उद्देश्यका लागि लडेको कथा सुनिन्छ। मैथिली, भोजपुरी, बज्जिका र थारू भाषाले निर्माण गरेको क्षेत्रीय सम्बन्ध धार्मिक पहिचानभन्दा फराकिलो छ।

यही रैथाने सम्बन्ध मधेशको सामाजिक पूँजी हो। साम्प्रदायिक तनावले सबैभन्दा पहिले यही पूँजीमाथि प्रहार गर्छ।

### *पहिचानको बहस र राजनीतिक प्रयोग*

बहुआयामिक पहिचानलाई एउटै धर्म वा समुदायमा सीमित गर्दा सामाजिक ध्रुवीकरण बढ्छ। मधेशी पहिचान पनि कुनै एक धर्म वा जातिको मात्र होइन। यो भाषा, भूगोल, इतिहास, संस्कृति र राजनीतिक अनुभवबाट बनेको साझा चेतना हो।

तर पहिचानको विषयलाई समय-समयमा राजनीतिक लाभका लागि प्रयोग गरिएको छ। समुदायको अधिकार र प्रतिनिधित्व बारे हुनुपर्ने बहसलाई 'को मधेशी हो र को होइन?' भन्ने प्रतिस्पर्धामा सीमित गर्दा साझा मुद्दा कमजोर हुन्छ।

२०७९ सालमा मधेशी आयोगले थारू र मुस्लिम समुदायका विभिन्न संस्थाबाट प्राप्त निवेदनका आधारमा उनीहरूलाई 'मधेशी समुदायको थर सूचीकरण अध्ययन प्रतिवेदन-२०७८' बाट हटाउने निर्णय गरेको थियो। पछि मुस्लिम आयोगले मुस्लिम समुदायलाई पुनः मधेशी सूचीमा राख्न आग्रह गऱ्यो। यस घटनाले पहिचानको प्रश्न समुदायभित्रै पनि जटिल र बहसपूर्ण रहेको देखाउँछ। यसलाई कुनै एउटै पक्षको षड्यन्त्रका रूपमा प्रस्तुत गर्नुभन्दा सम्बन्धित समुदायको आत्मपहिचान, संवैधानिक प्रतिनिधित्व र अधिकारका आधारमा समाधान खोज्नुपर्छ।

नोबेल पुरस्कार विजेता अर्थशास्त्री अमर्त्य सेनले आइडेन्टिटी एन्ड भायलेन्समा मानिसको पहिचान एकल नहुने तर्क गरेका छन्। एउटै व्यक्ति धर्म, भाषा, पेशा, वर्ग, लिङ्ग, भूगोल र राष्ट्रियता जस्ता अनेक पहिचानसँग जोडिएको हुन्छ। राजनीतिक शक्तिले तीमध्ये एउटा पहिचानलाई मात्र उत्तेजित गर्दा अर्को समुदायलाई शत्रुका रूपमा हेर्ने जोखिम बढ्छ।

साम्प्रदायिकता धर्मको स्वाभाविक परिणाम होइन। धार्मिक पहिचानलाई सत्ता, भय र राजनीतिक परिचालनको साधन बनाइँदा साम्प्रदायिकता जन्मिन्छ।

### *प्रशासनिक निष्पक्षताको प्रश्न*

साम्प्रदायिक तनावका प्रारम्भिक संकेत देखिँदै गर्दा स्थानीय प्रशासनले छिटो, निष्पक्ष र विश्वसनीय हस्तक्षेप गर्नुपर्छ। कुनै समुदायलाई काखा र अर्कोलाई पाखा गरिएको अनुभूति भयो भने राज्यप्रतिको विश्वास कमजोर हुन्छ।

पछिल्ला वर्षमा धार्मिक यात्रा, जुलुस, लाउडस्पिकर, मार्ग र समय सम्बन्धी विवादले विभिन्न स्थानमा तनाव उत्पन्न गरेका छन्। यस्ता कार्यक्रमअघि समुदाय, धार्मिक अगुवा र प्रशासन बीच स्पष्ट सहमति नहुँदा सामान्य विवादले ठूलो रूप लिन सक्छ।

देवानगञ्ज घटनामा सुरक्षा तयारी, बल प्रयोगको औचित्य र प्रशासनिक भूमिका बारे प्रश्न उठेका छन्। मधेशकेन्द्रित दल तथा नेताहरूले उच्चस्तरीय न्यायिक छानबिनको माग गरेका छन्। यस्ता प्रश्नको उत्तर राजनीतिक भाषण वा आरोप-प्रत्यारोपबाट होइन, स्वतन्त्र र विश्वसनीय अनुसन्धानबाट आउनुपर्छ।

छानबिनले हिंसा कसरी शुरु भयो, सुरक्षा संयन्त्र कहाँ चुक्यो, बल प्रयोग आवश्यक र समानुपातिक थियो कि थिएन तथा अफवाह फैलाउने व्यक्ति वा समूह को थिए भन्ने स्पष्ट गर्नुपर्छ। दोषी जुनसुकै समुदाय, संगठन वा राजनीतिक दलसँग सम्बन्धित भए पनि कानून समान रूपमा लागू हुनुपर्छ।

### *डिजिटल अफवाहको आगो*

अहिले साम्प्रदायिक हिंसा सडकमा देखिनुअघि मोबाइलको स्क्रिनमा फैलिन्छ। पुरानो भिडियो, अर्कै स्थानको तस्वीर, काटछाँट गरिएको अभिव्यक्ति र अपुष्ट विवरण फेसबुक, टिकटक, युट्युब तथा ह्वाट्सएपबाट तीव्र गतिमा प्रसारित हुन्छन्।

देवानगञ्ज घटनापछि सामाजिक सञ्जालबाट साम्प्रदायिक सद्भाव खलल पुऱ्याएको आरोपमा सिरहा र धनुषाबाट आठ जनालाई पक्राउ गरिएको प्रहरीले जनाएको थियो।

तर डिजिटल घृणा नियन्त्रणका नाममा फरक विचार वा आलोचनालाई दबाउनुहुँदैन। स्पष्ट रूपमा हिंसा भड्काउने, कुनै समुदाय विरुद्ध आक्रमणको आह्वान गर्ने र नियोजित झुट फैलाउने सामग्रीमाथि कानून अनुसार कारबाही हुनुपर्छ। सँगै, प्रशासनले घटनाबारे छिटो र विश्वसनीय सूचना सार्वजनिक गर्नुपर्छ। आधिकारिक सूचना ढिलो हुँदा अफवाहले खाली ठाउँ ओगट्छ।

बाँकी पृष्ठ ३मा

## तपाईंको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# मधेशमा.....

सञ्चारमाध्यमले पनि धर्म वा समुदायलाई अनावश्यक रूपमा शीर्षकमा तान्ने, अपुष्ट दृश्य प्रसारण गर्ने र आरोपलाई तथ्य जस्तो प्रस्तुत गर्ने अभ्यासबाट बच्नुपर्छ।

*रैथानेपन जोगाउने जिम्मेवारी*

दक्षिणएशियाको हिन्दु-मुस्लिम सम्बन्ध केवल द्वन्द्वको इतिहास होइन। यो बहस, मित्रता, सहकार्य र सांस्कृतिक आदानप्रदानको इतिहास पनि हो। शेरअली तरीनको पेरिलस इन्टिमेसीज : डिबेटिङ हिन्दु-मुस्लिम फ्रेन्डसिप आफ्टर एम्पायर ले दक्षिण एशियाली मुस्लिम चिन्तकहरूले हिन्दु-मुस्लिम मित्रताको सम्भावना र सीमाबारे गरेका जटिल बहसको अध्ययन गर्छ।

यो सम्बन्धलाई 'सधैंको मित्रता' वा 'सधैंको टकराव'मध्ये कुनै एउटा सरल कथामा सीमित गर्न मिल्दैन। समाजभित्र सहकार्यसँगै असहमति पनि हुन्छ। लोकतान्त्रिक समाजको सफलता असहमति मेटाउनुमा होइन, त्यसलाई हिंसामा परिणत हुन नदिने संस्था र संस्कार निर्माण गर्नुमा हुन्छ।

पछिल्ला वर्षमा विभिन्न समुदायभित्र कठोर धार्मिक भाष्य बलियो भएका छन्। धार्मिक जागरणका नाममा अर्को समुदायप्रति भय वा घृणा फैलाउने प्रवृत्ति जुनसुकै पक्षबाट आए पनि अस्वीकार्य हुन्छ। धार्मिक तथा गैरधार्मिक संघ-संस्थामा आउने स्वदेशी वा विदेशी सहायता, त्यसको खर्च र सञ्चालन पारदर्शी हुनुपर्छ। तर प्रमाण विना कुनै समुदाय वा संस्थामाथि सामूहिक आरोप लगाउन हुँदैन। मन्दिर, मस्जिद र अन्य धार्मिक स्थललाई प्रतिस्पर्धी शक्ति प्रदर्शनको केन्द्र होइन, शान्ति र सामाजिक उत्तरदायित्वको माध्यम बनाउन धार्मिक अगुवाले भूमिका खेल्न सक्छन्।

*हिंसा रोकेर मात्र शान्ति आउँदैन*

शान्ति अध्येता योहान गाल्टुङले हिंसा नभएको अवस्थालाई 'नकारात्मक शान्ति' र न्यायपूर्ण तथा समावेशी सम्बन्ध भएको अवस्थालाई 'सकारात्मक शान्ति'का रूपमा व्याख्या गरेका छन्।

प्रहरी परिचालन, निषेधाज्ञा वा कर्फ्युले तत्काल हिंसा रोक्न सक्छ। तर पीडितले न्याय नपाए, प्रशासनमाथिको विश्वास फर्किएन र समुदाय बीच संवाद भएन भने त्यो शान्ति अस्थायी हुन्छ।

*दिगो शान्तिका लागि केही व्यावहारिक कदम आवश्यक छन्।*

पहिलो, देवानगञ्ज सहित त्यसपछि भएका हिंसात्मक घटनाको निष्पक्ष छानबिन गरी प्रतिवेदन सार्वजनिक गर्नुपर्छ। मृत्यु भएका व्यक्तिका परिवार, घाइते र सम्पत्ति गुमाएका नागरिकले न्याय, उपचार र उचित क्षतिपूर्ति पाउनुपर्छ।

दोस्रो, हिंसा वा घृणा भड्काउने व्यक्तिमाथि धर्म, समुदाय वा राजनीतिक आबद्धता नहेरी समान कानूनी मापदण्ड लागू गर्नुपर्छ। सुरक्षाकर्मीबाट भएको सम्भावित कमजोरी वा अत्यधिक बल प्रयोग समेत यही छानबिनको दायरामा आउनुपर्छ।

तेस्रो, स्थानीय भाषा, संस्कृति र सामाजिक मनोविज्ञान बुझ्ने जनशक्तिको प्रहरी तथा प्रशासनमा अर्थपूर्ण सहभागिता बढाउनुपर्छ। सुरक्षाकर्मीलाई सामुदायिक द्वन्द्व व्यवस्थापन, अफवाह नियन्त्रण र मानवअधिकार सम्बन्धी नियमित प्रशिक्षण आवश्यक छ।

चौथो, औपचारिक प्रशासनिक संरचनासँगै मरर, माइजन र भलमन्सा जस्ता परम्परागत सामुदायिक संयन्त्रको उपयोग गर्न सकिन्छ। तर यस्ता संयन्त्रलाई पुनर्जीवित गर्दा महिला, दलित, अल्पसंख्यक र युवा सहभागिता तथा संवैधानिक अधिकार सुनिश्चित गर्नुपर्छ। परम्परागत संरचनाले राज्यको कानून विस्थापित गर्ने होइन, समुदाय र प्रशासन बीच संवादको पुल बन्नुपर्छ।

पाँचौं, धार्मिक यात्रा, जुलुस, लाउडस्पिकर र सार्वजनिक स्थलको प्रयोग बारे कार्यक्रमअघि नै स्थानीय सहमति बनाउनुपर्छ। मार्ग, समय र सुरक्षाको विषय समुदाय, स्थानीय सरकार र प्रशासनले संयुक्त रूपमा तय गर्न सक्छन्।

छैटौं, विद्यालय, सञ्चारमाध्यम र स्थानीय संस्थाले मधेशको साझा सांस्कृतिक इतिहासलाई नयाँ पुस्तासम्म पुऱ्याउनुपर्छ। पूर्वाग्रह विरुद्धको शिक्षा तनाव शुरु भएपछि होइन, शान्तिकै समयमा आवश्यक हुन्छ।

*रोजाइ घृणा कि संवाद?*

देवानगञ्जको घटना आकस्मिक धार्मिक विस्फोट मात्र थिएन। यसमा स्थानीय विवाद, सञ्चित अविश्वास, प्रशासनिक कमजोरी, राजनीतिक ध्रुवीकरण र डिजिटल अफवाहका विभिन्न तह देखिन्छन्। यी कारण पहिचान नगरी सुरक्षा परिचालनबाट मात्र समस्या समाधान गर्न खोजियो भने यस्तै घटना फेरि दोहोरिन सक्छ।

आज मधेशसामु दुई बाटा छन्। एउटा क्षणिक उत्तेजना र घृणाको बाटो हो, जसमा अन्ततः सबै समुदाय हार्छन्। अर्को न्याय, संवाद र रैथाने सहअस्तित्वको कठिन तर दिगो बाटो हो।

मधेशको प्रश्न हिन्दु वा मुस्लिममध्ये कसले जित्ने भन्ने होइन। प्रश्न, दुवै समुदायले पुस्तौंदेखि निर्माण गरेको साझा सभ्यता जोगाउने कि घृणाको राजनीतिसामु त्यसलाई कमजोर हुन दिने भन्ने हो। साझा सभ्यता पराजित हुँदा हिन्दु पनि जित्दैनन्, मुस्लिम पनि जित्दैनन्। जित्ने केवल हिंसाबाट राजनीतिक लाभ खोज्ने प्रवृत्ति हो। त्यसैले अहिलेको सबैभन्दा ठूलो जिम्मेवारी न्याय, मानवीयता र मधेशको साझा रैथाने सम्बन्धको रक्षा हो।

*(मेहता राष्ट्रिय मुक्ति पार्टी नेपालका महासचिव हुन्।)*

# नुहाउँदा हुने यी ५ गल्तीले छाला बनाउँछ सुक्खा र संवेदनशील



धेरैलाई बारम्बार नुहाउँदा वा धेरै साबुन प्रयोग गर्दा छाला अझ सफा र स्वस्थ हुन्छ भन्ने लाग्छ। तर नुहाउने क्रममा गरिने केही सामान्य गल्तीले छालाको प्राकृतिक चिल्लोपन हटाएर यसको सुरक्षा तह कमजोर बनाउन सक्छ। यसका कारण छाला सुक्खा हुने, तन्किएको महसुस हुने, खस्रो देखिने, जलन हुने र संवेदनशील बन्नेजस्ता समस्या देखिन सक्छन्। त्यसैले छालालाई स्वस्थ राख्न सही तरिकाले नुहाउनु, उपयुक्त साबुन प्रयोग गर्नु र समयमै मोइस्चराइजर लगाउनु आवश्यक हुन्छ।

*१. धेरै तातो पानीले नुहाउने*

विशेषगरी चिसो मौसममा धेरै तातो पानीले लामो समयसम्म नुहाउने बानीले छालाको प्राकृतिक तेल हटाइदिन्छ। यसले छाला सुक्खा, तन्किएको र पाप्रा पर्ने समस्या निम्त्याउन सक्छ। पहिलेदेखि नै सुक्खा छाला भएकामा यस्तो समस्या अझ बढी देखिन्छ।

सन् २०२२ मा जर्नल अफ क्लिनिकल मेडिसिन मा प्रकाशित अध्ययनले धेरै तातो पानी र लामो समयसम्म पानीको सम्पर्कमा रहँदा छालाको सुरक्षा तह कमजोर हुने, पानी छिटो वाष्पीकरण हुने तथा रातोपन र सुक्खापन बढ्ने देखाएको छ।

*२. कडा साबुन र धेरै सुगन्ध भएका उत्पादन प्रयोग गर्ने*

सबै साबुन छालाका लागि उपयुक्त हुँदैनन्। कडा रसायनयुक्त साबुन, एन्टिब्याक्टेरियल साबुन वा धेरै सुगन्ध भएका बडीवाशले छालाको सुरक्षा तहलाई कमजोर बनाउन सक्छन्।

यस्ता उत्पादनको नियमित प्रयोगले छालामा जलन, सुक्खापन र एलर्जीको जोखिम बढाउँछ। विशेषगरी संवेदनशील वा सुक्खा छाला भएकाले हल्का, सुगन्धरहित र छालामैत्री क्लिन्जर प्रयोग गर्नु राम्रो हुन्छ।

सन् २०२१ मा कन्ट्याक्ट डर्माटाइटिस मा प्रकाशित अध्ययनले सुगन्धयुक्त उत्पादनका कारण विशेषगरी महिला र संवेदनशील छाला भएकामा एलर्जीको जोखिम बढी हुने देखाएको छ।

*३. तौलिया वा स्क्रबरले जोडले घोट्ने*

कतिपयले लुफा, ब्रस वा स्क्रबरले छाला जोडले घोट्ने र नुहाइसकेपछि तौलियाले पनि कडा रूपमा रगड्ने गर्छन्।

यसले छालाको बाहिरी तहमा सानो क्षति पुऱ्याई जलन, रातोपन र सुक्खापन बढाउन सक्छ। यसको सट्टा नरम तौलियाले हल्का थिच्दै छाला सुकाउनु उपयुक्त हुन्छ।

जर्नल अफ वाउन्ड, ओस्टोमी एन्ड कन्टिनेन्स नर्सिङ मा प्रकाशित अध्ययनले पटक-पटक छाला घोट्दा यसको सुरक्षा तहमा क्षति पुग्न सक्ने उल्लेख गरेको छ।

*४. दिनमा धेरै पटक नुहाउने*

गर्मी मौसममा धेरै पसिना आउने भएकाले केही मानिस दिनमा दुई-तीन पटकसम्म नुहाउँछन्। यसले छालाको प्राकृतिक तेल बारम्बार हटाउँछ।

हरेक पटक साबुन प्रयोग गर्दा छालाको चिस्यान अझ छिटो हराउन सक्छ। धेरै पटक नुहाउनुपरे हल्का क्लिन्जर प्रयोग गर्नु र हरेक पटक मोइस्चराइजर लगाउनु राम्रो हुन्छ।

*५. नुहाएपछि मोइस्चराइजर नलगाउने*

नुहाइसकेपछि केही समयसम्म छालामा प्राकृतिक चिस्यान बाँकी हुन्छ। यही समयमा मोइस्चराइजर लगाएमा त्यो चिस्यान लामो समयसम्म कायम रहन्छ।

धेरै ढिलो गरेर मोइस्चराइजर लगाउँदा छालाको ओसिलोपन हराइसकेको हुन्छ। त्यसैले नुहाएको ३-५ मिनेटभित्रै मोइस्चराइजर लगाउनु प्रभावकारी मानिन्छ।

सन् २०२२ मा जर्नल अफ कस्मेटिक डर्माटोलोजी मा प्रकाशित अध्ययनले मोइस्चराइजरले छालाको चिस्यान कायम राख्न र पानीको अत्यधिक वाष्पीकरण रोक्न मद्दत गर्ने देखाएको छ।

*कसले विशेष सावधानी अपनाउने?*

यी व्यक्तिले नुहाउने बानीमा विशेष ध्यान दिनुपर्छ-

*एक्जिमा भएका*
*सोरायसिस भएका*
*मधुमेह भएका*
*प्राकृतिक रूपमा सुक्खा छाला भएका*
*संवेदनशील छाला भएका*
*वृद्धवृद्धा, जसको छालाको प्राकृतिक चिल्लोपन उमेरसँगै घट्दै जान्छ*

*छालालाई स्वस्थ राख्न नुहाउँदा ध्यान दिने कुरा*

*नुहाउने समय ५-१० मिनेटभित्र सीमित राख्ने।*
*धेरै तातो होइन, मनतातो पानी प्रयोग गर्ने।*
*हल्का र सुगन्धरहित साबुन वा क्लिन्जर प्रयोग गर्ने।*
*लुफा वा ब्रसले छाला जोडले नघोट्ने।*
*नरम तौलियाले हल्का थिच्दै छाला सुकाउने।*
*नुहाएको ३-५ मिनेटभित्र मोइस्चराइजर लगाउने।*
*धेरै पसिना आएर पटक-पटक नुहाउनुपरे हल्का क्लिन्जर प्रयोग गर्ने।*
*प्रत्येक पटक नुहाएपछि मोइस्चराइजर लगाउने बानी बसाल्ने।*

# क्षतिपूर्ति र सुरक्षाको............

बेवास्ता गरिएको बताए।

'घटना भएको करिब एक साता हुन लाग्यो, तर हाम्रो अवस्था बुझ्न न सरकार आयो, न व्यापार संघ,' उनले भने, 'सरकारले क्षतिपूर्ति र सुरक्षित रूपमा व्यापार गर्न सकिने वातावरणको ग्यारेन्टी नगरेसम्म हामी पसल खोल्दैनौं। आवश्यक परे यहाँबाट विस्थापित हुन पनि तयार छौं।'

अर्का व्यवसायी सबाज खानले पीडित व्यापारीको समस्या सुन्नसमेत कोही नआएको गुनासो गरे।

'आज पसल खोल्यौं भने भोलि फेरि यस्तै घटना हुँदैन भन्ने ग्यारेन्टी के छ ?' उनले प्रश्न गरे।

व्यवसायी मोहम्मद इमतियाज खानले मुस्लिम समुदायलाई लक्षित गरेर पसल, मल तथा घरहरूमा तोडफोड र आगजनी गरिएको दाबी गर्दै गोलबजारमै करोडौं रुपैयाँ बराबरको क्षति भएको बताए। तर, प्रशासन, स्थानीय सरकार वा संघीय सरकारका तर्फबाट क्षतिपूर्तिबारे कुनै आश्वासन नआएको उनको भनाइ छ।

गोलबजार नगरपालिका(११ का वडाध्यक्ष सोहेब अनवरका अनुसार गोलबजारका करिब ८० प्रतिशत व्यवसाय मुस्लिम समुदायका व्यक्तिले सञ्चालन गर्दै आएका छन्। सुनसरीको घटनाको प्रभावमा उनीहरूमाथि आक्रमण भएको र अहिले धेरै व्यवसायी गोलबजार छाड्ने मनस्थितिमा पुगेको उनले बताए।

'हामीले विभिन्न निकायसँग समन्वय गरेर व्यवसायीलाई पसल खोल्न आग्रह गरिरहेका छौं,' वडाध्यक्ष अनवरले भने, 'तर अन्य निकायबाट आवश्यक पहल नभएको उनीहरूको गुनासो छ।'

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# ‘फ्री भिसा-फ्री टिकट’ कागजमै सीमित छ : श्रममन्त्री यादव

दैनिक समाचारदाता

जनकपुरधाम, २० साउन । युवा, श्रम तथा रोजगारमन्त्री रामजी यादवले वैदेशिक रोजगारीका लागि लागू गरिएको ‘फ्री भिसा( फ्री टिकट’ नीति व्यवहारमा कार्यान्वयन हुन नसकेको स्वीकार गरेका छन्।

बुधबार उद्योग तथा वाणिज्य, श्रम तथा उपभोक्ता हित समितिको बैठकमा वैदेशिक रोजगार व्यवस्थापनसम्बन्धी छलफलका क्रममा उनले विगत १० वर्षदेखि यो नीति नारामै सीमित रहेको बताए।

मन्त्री यादवका अनुसार वैदेशिक रोजगारीमा जाने करिब ८३ प्रतिशत नेपाली श्रमिकले अझै पनि ‘फ्री भिसा(फ्री टिकट’ नीतिको लाभ पाउन सकेका छैनन्।

उनले वार्षिक करिब ७ प्रतिशत अर्थात् करिब १७ हजार ५ सय नेपाली श्रमिक ‘इथिकल रिक्रुटमेन्ट’ प्रणालीमार्फत कुनै शुल्क नतिरी वैदेशिक रोजगारीमा जाने गरेको जानकारी दिए। तर, यो सुविधा नेपाल सरकार वा गन्तव्य मुलुकको नीतिका कारण नभई



सम्बन्धित रोजगारदाताको व्यावसायिक नीतिका कारण उपलब्ध भएको उनको भनाइ छ।

अन्तर्राष्ट्रिय बजारमा श्रमिक शोषण भएका उद्योगका उत्पादन बहिष्कार हुने दबाबका कारण केही रोजगारदाताले आफ्नै खर्चमा श्रमिक भर्ना गर्ने व्यवस्था अपनाएको उनले बताए।

यस्तै, थप करिब १० प्रतिशत श्रमिकले नि:शुल्क भिसा, टिकट र सेवा शुल्कको सुविधा पाए पनि बाँकी ८३ प्रतिशत श्रमिकका हकमा ‘फ्री भिसा(फ्री टिकट’ नीति कार्यान्वयन नभएको मन्त्री यादवले बताए।

उनले यही नीतिको नाममा श्रमिकमाथि थप आर्थिक भार र ठगी बढेको दाबी गर्दै नीति पुनरावलोकन आवश्यक रहेको बताए। यसका लागि सरकारले कार्यदल गठन गरी प्रतिवेदन तयार गरिसकेको जानकारी पनि उनले दिए।

‘हामीले अन्तर्राष्ट्रिय मञ्चमा फ्री भिसा(फ्री टिकट लागू गरेको छौँ भनेर भनिरहेका छौँ, तर व्यवहारमा लागू भएको अवस्था छैन। एउटा झुटो कुरा छोप्न अर्को झुट बोल्नुपरेको जस्तो अवस्था छ,’ मन्त्री यादवले भने।

उनले थपे, ‘यसलाई अन्त्य गर्न फ्री भिसा(फ्री टिकट नीतिको पुनरावलोकन गर्नैपर्छ। त्यसका लागि कार्यदल गठन गरेर प्रतिवेदन तयार गरेका छौँ। अब त्यो प्रतिवेदन मन्त्रिपरिषद् र समितिमा पनि छलफलका लागि लैजान्छौँ।’ मन्त्री यादवले वैदेशिक रोजगारीका नाममा ठगी गर्ने अवैध एजेन्टविरुद्ध पनि सरकारले कारबाही प्रक्रिया अघि बढाएको बताए।

उनका अनुसार सार्वजनिक सूचना जारी गरेर पीडितबाट उजुरी संकलन गरिएको छ। हालसम्म ९२ जना अवैध एजेन्टमाथि अनुसन्धान गरी कारबाहीका लागि सम्बन्धित जिल्ला प्रहरी कार्यालयमा पठाइएको छ।

नयाँ वैदेशिक रोजगार ऐनको मस्यौदामा अवैध एजेन्टको भूमिकालाई निरुत्साहित गर्ने तथा एजेन्टसँगको संलग्नता पुष्टि भए कारबाही गर्ने व्यवस्था प्रस्ताव गरिएको पनि मन्त्री यादवले जानकारी दिए।

# मुख्यमन्त्री कार्की ओलीलाई भेट्न गुण्डुमा

दैनिक समाचारदाता

काठमाडौं, २० साउन । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न गुण्डु पुगेका छन्।

यसअघि मंगलबार पनि उनीहरूबीच छलफल भएको थियो। नेकपा एमाले र नेकपाबीच प्रदेश सरकारमा गठबन्धन गर्ने सहमतिअनुसार कोशीमा एमालेकै नेतृत्वमा सरकार गठन गर्ने समझदारी बनेको छ।

यद्यपि एमालेभित्रै कार्कीलाई संसदीय दलको नेताबाट हटाएर अर्का नेतालाई मुख्यमन्त्री बनाउने प्रयास भइरहेको छ। विशेषगरी नेता शेरधन राई कार्कीको विकल्प खोज्ने पक्षमा सक्रिय रहेको स्रोतहरूको भनाइ छ।

मुख्यमन्त्री कार्कीले भने आफूले राजीनामा नदिने अडान दोहोर्‍याउँदै आएका छन्। आफ्नो राजीनामाले प्रदेश सरकारमा संवैधानिक संकट उत्पन्न हुन सक्ने उनको तर्क छ।

# बाढी-पहिरोले ३ सडक पूर्ण र ६ सडक आंशिक अवरुद्ध



दैनिक समाचारदाता

काठमाडौं, २० साउन । बाढी र पहिरोका कारण देशभर तीन वटा सडक पूर्ण रूपमा र छ वटा सडकखण्ड आंशिक रूपमा अवरुद्ध भएका छन्।

सडक विभागका अनुसार वर्षाका कारण विभिन्न स्थानमा सडक अवरुद्ध भएका हुन्। पहिरोका कारण बन्द भएका २४ वटा सडकखण्ड भने सामान्य मर्मतपछि पुनः सञ्चालनमा आएका छन्।

नेपाल प्रहरीका अनुसार पहिरो, नदी कटान, हिलो र सडक भासिँदा विभिन्न राजमार्ग प्रभावित भएका छन्।

बीपी राजमार्गअन्तर्गत धुलिखेल(सिन्धुली खण्डमा बाढीको जोखिमलाई मध्यनजर गर्दै बेलुका ६ बजेदेखि बिहान ४ बजेसम्म सवारीसाधन सञ्चालनमा रोक लगाइएको छ।

यस्तै, मकवानपुरस्थित कान्ति लोकपथमा पनि वर्षाका कारण बेलुका ५ बजेदेखि बिहान ५ बजेसम्म सबै प्रकारका सवारीसाधन सञ्चालनमा रोक लगाइएको प्रहरीले जनाएको छ।

इलाम नगरपालिका(९ राजदुवालीस्थित मेची राजमार्ग हिलोका कारण पूर्ण रूपमा अवरुद्ध भएको छ। उक्त क्षेत्रमा वैकल्पिक मार्ग प्रयोग गर्न सकिने व्यवस्था मिलाइएको प्रहरीले जनाएको छ।

सिन्धुपाल्चोकको अरनिको राजमार्ग पनि भोटेकोशी गाउँपालिका(४ अन्तर्गत जिरोकिलो, कोदारी र लिपिङ क्षेत्रमा पहिरो, लेदो र सडक भासिँदा पूर्ण रूपमा बन्द भएको छ।

त्यसैगरी, दोलखाको लामोसाँघु(रामेछाप सडकअन्तर्गत तामाकोशी गाउँपालिका(५ किर्नेटारमा सामाकोशी नदीले सडक कटान गरेपछि यातायात पूर्ण रूपमा अवरुद्ध भएको छ। यद्यपि खिम्ती ग्रामीण विद्युत् सहकारी संस्थाको परिसर हुँदै वैकल्पिक मार्ग सञ्चालनमा ल्याइएको छ।

नेपाल प्रहरीले वर्षाका कारण सडकको अवस्था निरन्तर परिवर्तन भइरहने भएकाले यात्रा गर्नुअघि सम्बन्धित निकायबाट सडकको पछिल्लो अवस्थाबारे जानकारी लिएर मात्र यात्रा गर्न तथा आवश्यक सतर्कता अपनाउन सर्वसाधारणलाई आग्रह गरेको छ।

## सरकारविरुद्ध....

सुनिश्चित गरेको नागरिक स्वतन्त्रता र विधिको शासनमाथिको आक्रमण भएको जनाएको छ।माइतीघरबाट पक्राउ परेका जेनजी अभियन्ताको रिहाइको माग गर्दै कांग्रेसले प्रश्न सोधेकै आधारमा पक्राउ गर्ने प्रवृत्ति तत्काल अन्त्य गर्न सरकारसँग आग्रह गरेको छ। सरकारले प्रश्न गर्ने नागरिक र सञ्चारमाध्यमलाई नै दबाउन खोजेको आरोप पनि कांग्रेसको छ। राहदानी खरिद प्रकरणमा प्रधानमन्त्रीको सचिवालय, सल्लाहकार र सम्बन्धित कम्पनीबीचको सम्बन्धबारे सरकारले तथ्यसहित स्पष्ट जवाफ दिनुपर्ने कांग्रेसको माग छ। गृहमन्त्री सुधन गुरुङमाथि उठेका गम्भीर आरोपमा निष्पक्ष र स्वतन्त्र अनुसन्धान हुन नसकेको भन्दै सरकारको नियतमाथि पनि कांग्रेसले प्रश्न उठाएको छ।

कांग्रेसले सुकुम्बासी समस्या, किसानलाई मल अभाव, निजी क्षेत्रमा छापा, महँगीलगायत विषयमा पनि सरकारमाथि गम्भीर प्रश्न उठाउँदै जनविश्वास पुन:स्थापित गर्न व्यवहारमै सुधार गर्न सरकारलाई आग्रह गरेको छ।

# उत्तेजक सामग्री पोस्ट गरेको आरोपमा सप्तरीमा तीन जना नियन्त्रणमा

दैनिक समाचारदाता

सप्तरी, २० साउन । सामाजिक सञ्जालमा उत्तेजक भिडियो तथा भ्रामक सूचना पोस्ट गरेको आरोपमा सप्तरी प्रशासनले तीन जनालाई नियन्त्रणमा लिएको छ।

जिल्ला प्रशासन कार्यालय सप्तरीले शाखा अधिकृत सन्तोष रायको संयोजकत्वमा ‘ज्वाइन्ट अपरेसन सेल’ गठन गरी यस्ता गतिविधिमाथि निगरानी बढाएको जनाएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी तथा सूचना अधिकारी नरेशकुमार यादवका अनुसार निगरानीका क्रममा सामाजिक सञ्जालमा भ्रामक सामग्री पोस्ट गर्ने तीन जनालाई नियन्त्रणमा लिइएको हो। तीमध्ये दुई जनालाई सम्झाइबुझाइपछि छाडिएको छ भने एक जनामाथि थप अनुसन्धान भइरहेको छ।





प्रशासनका अनुसार तिरहुत गाउँपालिका-४ डिमनका २३ वर्षीय जफिर मियाँ र रूपनी गाउँपालिका-१ का ३९ वर्षीय मुकेश यादवलाई सम्झाइबुझाइपछि रिहा गरिएको छ। राजविराज नगरपालिका-६ का २० वर्षीय छोटुकुमार मेस्तरलाई भने थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयको नियन्त्रणमा राखिएको छ।

जिल्ला प्रशासन कार्यालयका अनुसार सामाजिक सञ्जालमा उत्तेजक सामग्री पोस्ट गर्ने १० जनाको पहिचान भएको छ। छिन्नमस्ता गाउँपालिका-३ का आनन्द चौधरी, हनुमाननगर कंकालिनी नगरपालिका-१४ का रामकुमार महतो, राजविराज नगरपालिका-६ का २८ वर्षीय विशाल चौधरी, राजविराज-२ स्थित राजदेवी ड्राइभिङ सेन्टरका सञ्चालक ३५ वर्षीय आशिष यादव तथा सुरुङ्गा नगरपालिका-१० कदमाहाका दिनेशकुमार यादवले पोस्ट गरेका सामग्री हटाउन लगाइएको प्रशासनले जनाएको छ।

प्रशासनका अनुसार वैदेशिक रोजगारीमा रहेका केही नेपालीले पनि सामाजिक सञ्जालमार्फत उत्तेजक सामग्री पोस्ट गरेको पाइएको छ। राजविराज नगरपालिका-७ घर भई हाल टर्कीमा रहेका सिनु साह तथा सुनसरीको हरिनगर गाउँपालिका-६ घर भई हाल कतारमा रहेका २८ वर्षीय असिम अन्सारीले पनि यस्ता सामग्री पोस्ट गरेको भेटिएको प्रशासनले जनाएको छ।




अब उत्कृष्ट भविष्यको रोजाई



MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

“आजको सही निर्णय, भोलिको सफल भविष्य”

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

Janakpurdham-4,Dhanusha Nepal
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

‘समाचार दैनिक जनकपुर’का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४